# आर्थिक वर्ष २०७९/८० को
# नीति तथा कार्यक्रम

भीमफेदी गाउँपालिका

मकवानपुर जिल्ला

बागमती प्रदेश

आजको यस गरिमामय सभाका सभाध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,सचिवज्यू, राष्ट्रसेवक कर्मचारी तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. मुलूकले अबलम्बन गरेको संघीय शासन प्रणाली अनुरुप हालै सम्पन्न स्थानीय तहको निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र मर्यादित हिसाबले सम्पन्न गर्न अहम् भूमिका निर्वाह गर्नुहुने समस्त मतदाता, राजनैतिक दल, कर्मचारी, सुरक्षाकर्मी, आम सञ्चार जगत, पर्यवेक्षक लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आज यस भीमफेदी गाउँपालिकाको आ.व. २०७९/८० को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

२. राज्य पुनर्संरचना सँगै २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यारम्भ गरेका जनप्रतिनिधिहरुको २०७९ साल बैशाख ३० गते सम्पन्न निर्वाचन पश्चात कार्यकाल समाप्त भएको छ ।यसरी स्थानीय तह गठन पश्चात यस भीमफेदी गाउँपालिकामा बहाल रहँदा गाउँपालिकाको समग्र विकास तथा सेवा प्रवाहमा उँहाहरुले पुर्याउनुभएको योगदानको उच्च मूल्याङ्कन गर्दै यस गरिमामय सभामार्फत सम्पूर्ण गाउँपालिकाबासीहरुको तर्फबाट हार्दिक धन्यबाद दिन चाहन्छौं ।

३. विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमण नियन्त्रणको लागि कोभिड भाइरस विरुद्धको खोपको आविष्कार र विकास भइसकेको भएता पनि संक्रमणको त्रास अझैपनि समाप्त भइसकेको छैन् । कोभिड-१९ को संक्रमणबाट ज्यान गुमाएका यस गाउँपालिकाका जनताप्रति गहिरो समवेदना प्रकट गर्दै संक्रमित भई उपचाररत सम्पूर्णमा शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

४. नेपाली जनताले पटक पटक गर्दै आएको बलिदानीपूर्ण क्रान्तिको मुख्य उपलब्धीको रुपमा रहेको संविधानमार्फत संस्थागत भएको संघीयता कार्यान्वयनका क्रममा सिर्जित आशंका र चुनौतीलाई अवसरको रुपमा बदल्न स्थानीय तहले निर्वाह गरेको भूमिका विभिन्न सूचकहरुमार्फत मूल्याङ्कित भइसकेको छ ।यसर्थ जनताले आफ्नो निकटस्थ सरकारको रुपमा स्थानीय सरकारलाई अङ्गीकार गरिसकेको अवस्था छ ।

५. मुलुकको संविधान कार्यान्वयन तथा संघीयता संस्थागत गर्दै उपलब्ध स्रोतसाधनको समुचित उपयोग र उत्थानशीलताको विकास मार्फत प्रभावकारी सेवा प्रवाह गर्ने अन्तिम उद्देश्य र लक्ष्यका साथ स्थानीय आवश्यकता, संभावना र माग समेतको आधारमा कार्यान्वयनयोग्य आयोजना / कार्यक्रम तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयन गरी निर्वाचनअघि यस गाउँपालिकाका जनतासामू गरेका प्रतिबद्धताहरु क्रमशः पूरा गर्ने दिशामा भीमफेदी गाउँपालिका एकजुट भई अघि बढ्नेछ ।

६. भूकम्प, बाढी पहिरो, कोभिड भाइरस लगायत विविध प्राकृतिक र गैरप्राकृतिक विपत्तिबाट थलिएको मुलूकको समग्र अर्थतन्त्रलाई सुधार गरी **"समृद्ध नेपालः सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा पूरा गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका हुने कुरालाई आत्मसात् गर्दै आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकास, वन, वातावरण तथा विपद व्यवस्थापनका क्षेत्रहरुलाई केन्द्रमा राखी अर्थतन्त्रको दिगोपनामा सहयोग पुग्ने रणनीति, कार्यनीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने विषयमा भीमफेदी गाउँपालिका प्रतिबद्ध छ ।

७. संघ र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँडमार्फत प्राप्त बजेट तथा गाउँपालिकाको आन्तरिक आय लगायत गाउँपालिकाको सञ्चितकोषमा प्राप्त हुने सम्पूर्ण आम्दानीलाई प्राथमिकताको आधारमा जनताको माग, आवश्यकता र आकाक्षांसँग परिपूरक हुने गरी समन्यायिक हिसाबले इमानदार, पारदर्शी तथा वस्तुनिष्ठ भएर सदुपयोग गरिनेछ।

सभाका सदस्यज्यूहरु,

८. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय सरकारका विभिन्न ऐन, कानून, नियमहरु, संघीय सरकारको पन्ध्रौं आवधिक योजना, बागमती प्रदेशको प्रथम आवधिक योजना,यस भीमफेदी गाउँपालिकाको प्रथम पञ्चबर्षिय आवधिक योजना, संघीय तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, नेपाल सरकारले गरेका अन्तराष्ट्रिय सन्धि, सम्झौताहरु, संयुक्त राष्ट्रसंघको दीगो विकास लक्ष्य, गाउँपालिकाको गत आ.व.को बार्षिक नीति, बजेट तथा कार्यक्रम, गाउँ कार्यपालिका बैठकका विभिन्न निर्णयहरु, गाउँपालिकाले निर्माण गरेका विभिन्न कानूनी व्यवस्थाहरु,निर्वाचनपूर्व जनतासामू घोषणा गरेका प्रतिबद्धताहरु, गाउँपालिकाबासीको आवश्यकता, माग तथा यस गाउँपालिकाको वास्तविक आर्थिक, भौगोलिक र सामाजिक अवस्था, कोभिड-१९ र मनसुनजन्य जलउत्पन्न प्रकोपबाट सृजित चुनौति तथा गाउँपालिकाको विशेष प्राथमिकतामा परेका विषयहरुलाई आधार मानी यस भीमफेदी गाउँपालिकाको आ.व.२०७९/८० को वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरिएको बेहोरा जानकारी गराउन चाहान्छु ।

सभाध्यक्षज्यू,

अब म चालु आ.व.२०७८/७९ मा यस गाउँपालिकाले गरेका मुख्य मुख्य कामहरुको संक्षिप्त समीक्षा प्रस्तुत गर्न गइरहेको छु ।

९. घरभाडामा लिई साघुँरो कार्यस्थलबाट सेवा प्रवाह गरिरहनु परेको असहज अवस्थाबाट हाल गाउँपालिकाको आफ्नै स्वामीत्वमा रहेको जग्गामा सुविधासम्पन्न प्रशासकीय भवनको निर्माण सम्पन्न

गरी सम्पूर्ण सेवाहरु एकीकृत रुपमा एउटै भवनबाट सेवा प्रवाह सुचारु गरिएको छ ।नयाँ भवनमा सरेपश्चात जनप्रतिनिधि तथा कार्यरत कर्मचारीको मनोबल बढ्न गई सेवा प्रवाहमा थप सहजता तथा प्रभावकारीता अभिवृद्धि भएको छ ।यससँगै गाउँपालिकामा रिक्त रहेका दरबन्दीहरु क्रमशः परिपूर्ति हुँदै गएका छन् ।जसबाट न्युनतम कर्मचारीमार्फत अधिकतम सेवा दिनुपर्ने कार्यबोझ तथा कार्यचापको अवस्थामा क्रमशः सुधार हुँदै गई कार्यपालिकाको कार्यालयबाट नियमित प्रदान गरिनुपर्ने सेवा सहज र सरल भई सेवाग्राहीको सन्तुष्टिको स्तरमा सुधार हुने अपेक्षा गरिएको छ ।

१०. भीमफेदीको गौरव तथा नेपालकै ऐतिहासिक धरोहरका रुपमा रहेको पर्यटकीय महत्त्व बोकेको चिसापानीगढीको संरक्षण, सम्वर्द्धन गर्दै ऐतिहासिक र पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सँस्कृति, पर्यटन तथा नागरिक उडययन मन्त्रालयसँगको लागत साझेदारीमा सार्वजनिक खरिद प्रक्रियामार्फत सो क्षेत्रको पूर्वाधार विकाससम्बन्धी कार्यप्रकृया अघि बढिसकेको छ ।

११. यसैगरी स्वास्थ्य सेवालाई थप समय सापेक्ष तथा गुणस्तरीय बनाउन साविकको प्राथमिक स्वास्थ्य केन्द्र रहेको स्थानमा ३ बर्षभित्र निर्माण सम्पन्न हुनेगरी १५ शैय्याको पृथ्वीचन्द्र अस्पताल निर्माणको शिल्यान्यास भई निर्माण कार्य प्रारम्भ भइसकेको छ ।

१२.गाउँपालिकाको रणनैतिक महत्वका सडकहरु मध्ये वडा नं.४, २ र ९ जोड्ने रानीखोला-धामीडाँडा-रानीभञ्ज्याङ सडक, वडा नं.९ र थाहा नगरपालिका जोड्ने दम्की-बर्देउ-लामाचौर-मनहरी-काउसे सडक त्यसैगरी वडा नं.७ र ८ जोड्ने कोगटे-धार्के-स्वाँरा-महादेवटार सडक तथा वडा नं.८ केन्द्रसम्म जोड्ने देउराली-इपा सडकको निर्माण तथा स्तरोन्नतीका कार्यहरु सञ्चालन भइरहेको छ ।जसबाट दूरदराजमा रहेका वस्तीहरु क्रमशः सडक सञ्जालमार्फत गाउँपालिका केन्द्रसँग जोडिने क्रममा छन् ।

१३.यस गाउँपालिकाको वडा नं.५ को सुपिङबाट वडा नं. ३ को अम्लिङ हुँदै पान्द्राङ जोड्ने सडक तथा वडा नं.६ को धोर्सिङ-स्वाँरा-माण्डु सडक स्तरीकरणको कार्य भइरहेको छ ।

१४.विद्युत सेवाको पँहुच विस्तार र काठे पोललाई स्टील ट्युबलर पोलद्वारा विस्थापन गर्ने कार्य तीव्र गतिमा भइरहेको छ ।बिद्युत सेवा नपुगेका भीमफेदी ८ र ९ नं. वडाका बाँकी बस्तीहरुमा विजुली बालिएको छ भने गाउँपालिकाको करिब ९९ प्रतिशत बस्तीहरुमा विद्युत सेवा पुर्याइएको छ ।

१५.चालु आर्थिक बर्षभित्रमा यस गाउँपालिकाको वडा नं.५ को दमार र सोलाभञ्ज्याङलाई जोड्ने **"दमार-रासीखोला-खहरे झोलुङ्गे पुल"** निर्माण सम्पन्न हुने क्रममा रहेको छ ।जसका कारण त्यस क्षेत्रका विद्यार्थी तथा स्थानीय समुदायको दैनिक जीवन सुरक्षित र सहज हुने भएको छ ।

१६.भीमफेदी गाउँपालिकाको उच्च प्राथमिकतामा रहेको सुपिङ वृहत खानेपानी आयोजनाको बाँकी कार्य चालु आर्थिक बर्षभित्रै सम्पन्न गरी ३०० भन्दा बढी घरधुरीहरुमा सुरक्षित र व्यवस्थित खानेपानी सेवा सुरु हुनेछ ।त्यसैगरी वडा नं.२ को चुनियाँ वृहत खानेपानी आयोजना चालु आ.व. भित्रै सम्पन्न गरी सेवाको सुरुवात गर्ने लक्ष्य लिइउको छ भने गाउँपालिका क्षेत्रभित्रका विभिन्न साना आयोजनाहरु मर्मत सम्भार तथा सम्पन्न गरी खानेपानी सेवालाई थप व्यवस्थित बनाइनेछ ।

१७.पूर्वाधार निर्माण तथा सार्वजनिक खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धी र व्यवस्थित बनाउन सार्वजनिक खरिद ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा तयार गरि सञ्चालनमा ल्याइएको विद्युतीय खरिद प्रणाली (E-Bidding) पद्धति अबलम्बन गर्दै लगिएको छ ।

१८.गाउँपालिकाको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको वातावरणीय अध्ययन सम्बन्धी स्थानीय कानून तथा कार्यविधि बमोजिम गर्ने नीतिगत व्यवस्था गरिएको छ । जसअन्तर्गत चालु आर्थिक बर्षमा चारवटा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यपालिका बैठकले स्वीकृत गरी सो सँग सम्बन्धित कार्यक्रम/आयोजना सञ्चालित भएका छन् ।

१९.गाउँपालिकामा रहेका साविकका सबै घटना दर्ताहरु डिजिटाइजेशन गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।यसबाट जन्म, मृत्यु, विवाह, बसाइँसराई र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटना दर्ताहरुको अभिलेखलाई सुरक्षित र व्यवस्थित हुनेछ भने सबै वडाहरुमा अनलाइन प्रणालीमार्फत व्यक्तिगत घटना दर्ताको सुरुवात गरिएको छ । सबै वडाका सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको बैङ्किङ प्रणालीमार्फत भत्ता वितरण गरिने कार्य प्रभावकारी बन्दै गइरहेको छ ।

२०.व्यक्तिगत घटना दर्ताको महत्व, आवश्यकता र औचित्यता बोध गराउने हिसाबले गाउँपालिकाको सबै वडाहरुमा व्यक्तिगत घटना दर्ता सप्ताह सम्पन्न गरिएको छ भने विविध कारणले व्यक्तिगत घटना दर्ता गर्न छुट भएकाहरुलाई घटना दर्ताको दायरामा समेट्न र व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी गुनासो सुनुवाई गर्ने उद्देश्यले गाउँपालिकाका ९ वटै वडाका विभिन्न २७ स्थानहरुमा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरिएको छ ।

२१. गाउँपालिकाको केन्द्रलाई Free WiFi Zone को रुपमा विकास गर्न भीमफेदी ५ र ६ का बजार क्षेत्रका केहि स्थानहरुमा निःशुल्क WiFi जडान गरिएको छ ।जसबाट भीमफेदी बजार, टारगाउँ, सिमलटार लगायतका क्षेत्रका जनसमुदाय लाभन्वित भएका छन् ।

२२. गाउँपालिकाको आन्तरिक आयको सङ्कलनको अवस्थामा वृद्धि भएको छ । चालु आर्थिक बर्षको अन्त्यसम्ममा कर राजस्व तथा गैरकर राजस्वको सङ्कलन प्रक्षेपित आयको ८० प्रतिशतभन्दा बढी हुने देखिन्छ ।

२३. कृषि क्षेत्रलाई व्यवसायिक र यान्त्रिकीकरण गर्ने उद्देश्यका साथ भीमफेदी गाउँपालिका भित्रका कृषकहरुलाई लक्षित गरी गाउँपालिकाको ५० प्रतिशत अनुदानमा ५० थान मिनिटिलर, २६३ थान सिल्पोलिन प्लाष्टिक, ४ थान मकै छोडाउने मेसिन तथा प्लाष्टिक पोखरीमा प्रयोग हुने ७ थान प्लाष्टिक लगायतका कृषि सामग्रीहरु वितरण गरिएको छ ।यसैगरी ९७ जना कृषकलाई ७५ प्रतिशत अनुदानमा स्प्रे पम्प वितरणको कार्य पनि सम्पन्न गरिएको छ ।

२४. कृषि उत्पादकत्व वृद्धिका लागि गाउँपालिकाको ५० प्रतिशत अनुदानमा तरकारीको बीउ, एक हजार पाँच सय के.जी. उन्नत जातको धानको बीउ वितरण गरिएको छ भने कृषि पेशालाई विविधिकरण र व्यवसायीकरण गर्न ४५ जना कृषकलाई मौरीपालन तालिम सहित ७० प्रतिशत अनुदानमा मौरीघार वितरण गरिएको छ ।

२५. भीमफेदी-६ जुरिखेतमा गाजर खेती प्रवर्द्धन सम्बन्धी कार्यक्रम, वडा नं.२ मा अदुवा/बेसारको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम लगायत गाउँपालिकाको वडा नं.४ र ८ मा कृषि पाठशाला तथा गाउँपालिकाका विभिन्न वडाहरुमा घुम्ती तथा अन्य तालिम कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

२६. यस गाउँपालिकाको चालु आर्थिक बर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका वडा नं.२, ९, ४, ३, ५ लगायतका वडाहरुमा सञ्चालित सिंचाई आयोजनाको निर्माण सम्पन्न भई कृषि उत्पादन तथा विविधिकरणमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ ।

२७.गाउँपालिका भित्रका २५ जना कृषकहरुलाई १/१ जोडी बंगुरको पाठापाठी वितरण गरिएको छ ।साथै पशु नश्ल सुधारका लागि कृतिम गर्भाधान कार्यक्रम सञ्चालन तथा ६० जना कृषकहरुलाई व्यावसायिक कुखुरा तथा बंगुरपालन तालिम प्रदान गरिएको छ ।

२८.रेविजको संक्रमण र जोखिम नियन्त्रणका लागि २०० कुकुरलाई निःशुल्क रेविज भ्याक्सिन लगाइएको छ ।यसैगरी ३० हजार बाख्राहरुलाई पि.पि.आर. रोग विरुद्धको खोप दिइएको छ ।

२९.भीमफेदी-४ स्थित निबुवाटारमा स्वास्थ्य चौकी भवनको निर्माण सम्पन्न भएको छ भने चालु आर्थिक बर्षमा थप १ वटा बाह्य खोप केन्द्र भवन स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

३०.आधारभूत स्वास्थ्य सेवा केन्द्रका लागि भीमफेदी-३ इच्चुडमा जग्गा प्राप्ती भई भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।यसैगरी भीमफेदी-२ स्थित भैसें स्वास्थ्य चौकीमा **Birthing Centre Waiting Home** को स्थापना र सञ्चालन भएको छ ।

३१.मातृशिशु स्वास्थ्यलाई विशेष प्राथमिकता दिदै सुत्केरी आमालाई प्रोत्साहन कार्यक्रम अन्तर्गत रु २ हजार प्रदान गरिएको छ भने प्रसुती हुनजाने आमाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ ।

३२.कोभिड भाइरसको संक्रमण नियन्त्रण तथा कोभिड विरुद्धको खोप कार्यक्रमलाई व्यवस्थित र नियमित बनाइएको छ ।स्वास्थ्य संस्थाहरुबाट एन्टिरेविज भ्याक्सिनको सेवा सुरुवात गरिएको छ ।

३३.स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधी तथा उपकरणहरुको आपूर्ति तथा व्यवस्थापन प्रभावकारी बनाउँदै लगिएको छ । गाउँपालिकाको ग्रामीण क्षेत्रका गर्भवती महिला लाभन्वित हुनेगरी ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम सुरुवात गरिएको छ ।

३४.शारिरीक अपांगता भएका बालबालिकाहरु लक्षित हुनेगरी त्यस्ता बालबालिकाहरुको पहिचान, उपचार, शल्यक्रिया, पूनर्स्थापना, सहायक सामग्री वितरण, फिजियोथेरापी, अनुगमन तथा सामाजिकीकरण कार्यक्रम अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्रसँग सम्झौता गरी हाल कार्यान्वयनको अवस्थामा रहेको छ ।यसैगरी अपाङ्गता भएका व्यक्तिहरुका लागि परिचय पत्र वितरण शिविर तथा अति अशक्त अपांगता भएका व्यक्तिका लागि घरदैलो सेवा कार्यक्रम सञ्चालन गरिएको छ ।

३५. साविकमा झै चालु आर्थिक बर्षमा पनि ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिदैं यस भीमफेदी गाउँपालिका भित्रका ५२२ जना ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिएको छ ।

३६. गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम(मेड्पा) अन्तर्गत सञ्चालित विभिन्न व्यवसायिक सीप विकास तालिमबाट सयौं गाउँपालिकाबासी प्रत्यक्ष लाभान्वित भएका छन् , जसबाट सयभन्दा बढी व्यक्ति स्वरोजगार समेत भएका छन् ।

३७. न्यायिक सम्पादनतर्फ गाउँपालिकाको न्यायिक समितिमा दर्ता हुन आएका कुल ४८ विवादमध्ये न्यायिक समिति तथा मेलमिलाप केन्द्रबाट २९ वटा विवाद समाधान तथा मेलमिलाप भएका छन् भने ५ वटा विवाद हाल छलफलको क्रममा रहेको छ ।

३८. भौगोलिक विकटताको कारण विद्यालय शिक्षा लिन असहजता भएका कालीटार, चुनियाँ, बाघमारा, घण्टेखोला, रातोमाटे, नयाँगाउँ लगायत क्षेत्रका बालबालिकाहरुलाई लक्षित गरी भीमफेदी गाउँपालिका वडा नं.२ भैसेंस्थित श्रीकृष्ण मा.वि.लाई एउटा विद्यालय बस उपलब्ध गराइएको छ ।

३९. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र कर्म तथा संस्कार सिकाउने जीवनोपयोगी सीपमा आधारित कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम विकासको तयारी अन्तिम अवस्थामा रहेको छ ।संभव भएसम्म यसै शैक्षिक सत्रबाट उक्त पाठ्यक्रम गाउँपालिका भित्रका विद्यालयहरुमा लागू गरिनेछ ।

सभाध्यक्षज्यू,

अब म यस भीमफेदी गाउँपालिकाको आ.व.२०७९/८० को क्षेत्रगत नीति तथा आधारहरु प्रस्तुत गर्न चाहान्छु ।

**क)आर्थिक विकास**

कृषि

४०. कृषियोग्य भूमि वृद्धि गर्न बाँझो जमिनमा खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण र कृषि एम्बुलेन्स सञ्चालन सम्बन्धी संभाव्यता अध्ययन गरिनेछ ।

४१. गाउँपालिका भित्रका कृषकहरुलाई कृषि तथा पशु सम्बन्धी निःशुल्क परामर्श सेवा उपलब्ध गराउन किसान कल सेन्टरको स्थापना र सञ्चालन गरिनेछ ।

४२. कृषि सम्बन्धी कार्यक्रम कृषक समूहमा आधारित रही सञ्चालन गर्नका लागि कृषकहरुलाई कृषक समूहमा आवद्ध हुन प्रेरित गरिनेछ ।सो को लागि आवश्यक कार्यक्रम तय गरी लागू गरिनेछ ।

४३.परम्परागत तथा जीवन निर्वाहमुखी कृषि पेशालाई आधुनिकिकरण गर्दै कृषि पेशालाई व्यवसायिक र मर्यादित बनाई युवावर्गलाई कृषि पेशाप्रति आकर्षित गर्न विभिन्न किसिमका अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४४.सिँचाई सुविधा नपुगेका कृषियोग्य भूमिमा ठूला तथा साना सिँचाई आयोजनाहरु सञ्चालन गरिनेछ ।मर्मत र स्तरीकरण गर्नुपर्ने सिँचाई आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

४५.भौगोलिक विशिष्टता र संभावना अनुसार पशुपालन, फलफुल, तरकारी, दलहन, तेलहनको पकेट क्षेत्र निर्धारण गरी व्यवसायिक कृषि उत्पादन कार्यलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।कृषकलाई समयमै मलबीउ उपलब्ध गराउन आवश्यक सहजीकरण गरिनेछ ।

४६.अर्गानिक तरकारी/फलफूल तथा अन्य कृषि उपजहरुको उत्पादन तथा विक्रीवितरणलाई प्रेरित गर्ने नीति अबलम्बन गरिने छ ।

<u>पर्यटन</u>

४७.भीमफेदी-८ स्थित रहेको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलको रुपमा रहेको लटरम्मेश्वर महादेव मन्दिर क्षेत्रको पूर्वाधार विकास गर्दै पर्यटन प्रवर्द्धन गर्न विभिन्न माध्यमबाट प्रचारप्रसार गरिनेछ ।

४८.ऐतिहासिक तथा पुरातात्विक महत्वको चिसापानीगढीको संरक्षण तथा पुनःनिर्माण कार्य सम्पन्न गरी पर्यटकीय आकर्षक केन्द्रको रुपमा विकास गरिनेछ ।

४९.भीमफेदी-६ मा अवस्थित ऐतिहासिक भीमसेन मन्दिर र हात्तीसार क्षेत्र, भीमफेदी-४ स्थित गुसेश्वरी गुफा, भीमफेदी-९ स्थित मैत्रीबगैंचा, भीमफेदी-१ मा रहेको प्रसिद्ध धार्मिकस्थल त्रिखण्डेश्वर महादेव मन्दिर र आसपासको क्षेत्र, भीमफेदी-५ स्थित हात्तीसुढे क्षेत्र, भीमफेदी-२ स्थित उर्ग्येन याङ्फेल लिङ बौद्ध गुम्बा क्षेत्रको भौतिक पूर्वाधार विकास गरी पर्यटन आगमनको केन्द्रको रुपमा विकास गरिदै लगिने छ ।साथै नयाँ पर्यटकीय स्थल र कार्यक्रमहरु पहिचान गरी आवश्यक पूर्वाधार निर्माणमा सहयोग र समन्वय गरिने छ ।

५०.भीमफेदी गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाको सिमानामा पर्ने बुङ्दल झरना(जोडी झरना) को पूर्वाधार विकासका लागि मकवानपुरगढी गाउँपालिकासँग आवश्यक समन्वय र सहकार्य गरी विभिन्न गतिविधिहरु सञ्चालन गरिनेछ ।

५१.ऐतिहासिक भीमफेदी बजारलाई पुनर्जागृत गरी साँस्कृतिक शहरको रुपमा अगाडी बढाउन पहल गरिनेछ ।

५२.गाउँपालिकामा सञ्चालित होमस्टेहरुको प्रवर्द्धन, विकास तथा प्रचारप्रसार गरिनेछ ।

<u>उद्योग तथा वाणिज्य</u>

५३.भीमफेदी गाउँपालिकाभित्र सञ्चालित व्यवसायिक प्रतिष्ठानहरुलाई व्यवसाय करको दायरामा ल्याउन प्रोत्साहन स्वरुप **"लघुउद्यमी र स्वरोजगार बनौः निःशुल्क व्यवसाय दर्ता गरौं"** भन्ने नारालाई आत्मसात् गर्दै आगामी आर्थिक बर्षमा व्यवसाय कर प्रयोजनका लागि दर्ता हुने व्यवसायको दर्ता शुल्क नलाग्ने व्यवस्था गरिनेछ ।

५४.परम्परागत सीप र क्षमताको प्रबर्द्धन र विकास गरी तुलनात्मक लाभ प्रदान गर्ने खालका घरेलु उद्यमलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

५५.रोजगारको दायरा बढाउन तथा उत्पादनमूलक क्षेत्रमा सहभागिता बढाउन गाउँपालिकाबाट युवा उद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी ढंगबाट अगाडी बढाइनेछ ।

५६.वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीप र ज्ञानलाई स्थानीय रोजगारी सिर्जना, उद्यमशीलता प्रबर्द्धन गरी उपयोग गर्ने नीति लिइनेछ ।

५७.गाउँपालिकामा गरिबी निवारणमा सहयोग पुग्ने गरी लघुउद्यम कार्यक्रम सञ्चालन गरिनेछ । साथै गाउँपालिकास्तरमा सञ्चालन हुने घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरी उद्यमीहरुलाई व्यवसायिक बनाउन सीपमुलक तालिम, बजार तथा सहुलियत दरको ऋणको व्यवस्थाको लागि आवश्यक पहल तथा वातावरण तयार गरिनेछ ।

५८.निजी क्षेत्रलाई प्रोत्साहन तथा आकर्षण गर्न लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साझेदारीमा काम गर्ने गरी आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरिने छ ।

५९.गाउँपालिका भित्र सञ्चालन हुने उद्योग, व्यवसाय तथा लघुउद्यमलाई प्रवर्द्धन, विकास, प्रभावकारी व्यवस्थापन तथा आवश्यक सहजीकरण गर्न उद्योग विकास तथा व्यवसाय प्रवर्द्धन शाखा/इकाईको स्थापना गरिनेछ ।

<u>सहकारी</u>

६०.सहकारी संस्थाको संस्थागत क्षमता विकास, संस्थागत सुशासन कायम गर्न आवश्यक तालिम, कार्यक्रम, विधि तथा मापदण्ड निर्माण गरी सहजीकरण र नियमन गरिनेछ ।

६१.सहकारी संस्थाहरुको नियमित अनुगमन तथा अभिलेख व्यवस्थापन गरी सक्रिय र निष्क्रिय सहकारी संस्थाहरुको वर्गीकरण गरी निष्क्रिय संस्थाहरुलाई खारेजीको प्रक्रियामा लगिनेछ ।

६२.सहकारीको सिद्धान्त अनुरुप सहकारी संस्थाहरुलाई प्रतिस्पर्धी भन्दा सहयोगी भावनाको विकास गर्दै उहि प्रकृतिका विषयगत सहकारीहरुलाई एकीकरण हुन प्रोत्साहन गरिनेछ ।

६३. सहकारी क्षेत्रलाई पालिकाबासीको आर्थिक सबलीकरणको मुख्य साझेदारको रुपमा स्थापित गरिनेछ ।

६४. सहकारीसँग सम्बन्धित आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**(ख) सामाजिक विकास**

शिक्षा

६५. सामुदायिक विद्यालयलाई शैक्षिक अब्बलताको अग्रभागमा राख्न शैक्षिक विकासका ४ "प"- पँहुच, प्रविधि, पूर्वाधार र प्रोत्साहनको सिद्धान्त अनुरुप अगाडी बढाइनेछ । विद्यालयहरुमा इन्टरनेट सेवा र विद्यार्थीको चाहना र आवश्यकता सम्बोधन गर्नका लागि **"विद्यार्थीसँग अध्यक्ष कार्यक्रम"** सञ्चालन गरिनेछ ।

६६. माध्यामिक तहका विद्यालयहरुमा माध्यामिक तहको शिक्षक दरबन्दी व्यवस्थापन गर्न पहल गरिनेछ र अन्य विद्यालयहरुमा पनि विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।त्यसैगरी समय, दूरी र विद्यार्थी संख्याको आधारमा विद्यालय मर्ज तथा नयाँ विद्यालय स्थापना गरिनेछ ।

६७. विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालयहरुलाई प्रतिस्पर्धामा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

६८. भीमफेदी-४ स्थित बाराही मा.वि. र भीमफेदी-१ स्थित राष्ट्रिय मा.वि.मा विद्यालय बस सेवा सञ्चालन गरिनेछ, साथै आवश्यकताको आधारमा अन्य विद्यालयहरुमा पनि यो सेवा क्रमशः विस्तार गर्दै लगिने छ ।

६९. आधारभूत तह अर्थात् कक्षा ८ सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरिनेछ ।विद्यालय नर्स कार्यक्रमलाई निरन्तरता दिदैं थप विस्तार गरिनेछ ।

७०. गाउँपालिकाद्वारा सञ्चालित प्राविधिक विषय अध्यापन हुने विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमध्ये गरिब, विपन्न र जेहेनदार विद्यार्थी पहिचान गरी उच्च शिक्षा अधययनको लागि छात्रवृत्तिको व्यवस्था गरिने छ र ती विद्यार्थीले अध्ययन सम्पन्न गरेपश्चात गाउँपालिकामा सेवा गर्नुपर्ने व्यवस्था गरिनेछ ।

७१. आवश्यकता अनुसार थप विषयका प्राविधिक विद्यालय सञ्चालन गरिने छ ।

७२. विद्यालय व्यवस्थापनलाई थप सुधार गर्दै माध्यामिक विद्यालयहरुलाई ICT मैत्री बनाउन पहल गरिनेछ ।

७३. लामो समयसम्म शिक्षण पेशामा आवद्ध रही शिक्षामा योगदान पुर्याएका शिक्षकहरुलाई सम्मान तथा शिक्षण पेशामा नयाँ पुस्तालाई आकर्षित गर्न **"शिक्षक स्वर्णीम अवकाश योजना"** सञ्चालन गरिनेछ ।

७४. कक्षा १ देखि अङ्ग्रेजी भाषामा अध्यापन गर्ने कार्यलाई प्रबर्द्धन गरिने छ ।

७५. भीमफेदी-४ स्थित चिउरीबँगैचा खेल मैदान लगायत गाउँपालिकामा रहेका अन्य खेलकूद मैदानहरुको थप भौतिक पूर्वाधार विकास गर्दै लगिनेछ ।विभिन्न किसिमका शारिरिक तथा अन्य खेलकूद प्रतियोगिताहरु सञ्चालन गरी खेलकूद क्षेत्रलाई प्रबर्द्धन गरिनेछ ।

स्वास्थ्य

७६. मातृशिशु स्याहार अन्तर्गत **"घर-घरमा झण्डा, सुत्केरीलाई अण्डा कार्यक्रम"**लाई निरन्तरता दिदैं प्यालिएटिभ केयर र ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७७. ज्येष्ठ नागरिकहरुलाई प्रत्येक महिना गाउँपालिकाबाट स्वास्थ्यकर्मी खटाई निःशुल्क स्वास्थ्य परीक्षण गरी आवश्यक उपचार र परामर्श सेवा उपलब्ध गराइने छ ।

७८. शारिरीक रुपमा अपाङ्गता भएका बालबालिकाहरुलाई HRDC बनेपासँग समन्वय गरी निःशुल्क उपचारको व्यवस्था मिलाइने छ ।

७९. स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।

८०. आवश्यकता अनुसार ग्रामीण बस्तीहरुमा बालबालिकाहरुलाई खोप लगाउन खोप केन्द्र स्थापना गरिने छ र सोही स्थानमा गाउँघर क्लिनिक सञ्चालन गरिनेछ ।

८१. ग्रामीण अल्ट्रासाउण्ड सेवालाई प्रभावकारी रुपमा सञ्चालन गरी गर्भवती महिलाहरुको स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ ।

८२. भीमफेदी-६ स्थित निर्माणको क्रममा रहेको १५ शैय्याको पृथ्वीचन्द्र अस्पताल निर्माण गरी आवश्यकता अनुसारको डाक्टर तथा स्वास्थ्य प्राविधिकहरुको व्यवस्था गरिनेछ ।

८३. भीमफेदी-७, ८ का कोगटे, इपा लगायतका क्षेत्रका बिरामीहरुको लागि एम्बुलेन्स सेवा सञ्चालन गरिने छ ।

८४. संघ र प्रदेश सरकारबाट हस्तान्तरित स्वास्थ्य सेवा सम्बन्धी कार्यहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

खानेपानी तथा सरसफाई

८५. खानेपानीको समस्या रहेका विभिन्न क्षेत्रहरुमा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक व्यवस्था गरिनेछ ।

८६. भीमफेदी बजारका खानेपानी उपभोक्ताहरुको सहभागितामा भीमफेदी बजार वृहत्तर खानेपानी आयोजनाको उचित व्यवस्थापन गरिने छ ।

८७. खानेपानीको मुहान संरक्षण तथा खानेपानीको आवश्यक मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

८८. वडा नं.४ पान्द्राङ, निबुवाटार क्षेत्रको खानेपानीको समस्या सम्बोधन गर्न प्रदेश सरकारसँग समन्वय गरि कार्य अघि बढाउन पहल गरिनेछ ।

८९.भीमफेदी-८ स्थित निर्माणाधीन मालगाउँ-स्वाँरा खानेपानी आयोजना, महाविर खानेपानी आयोजना तथा भीमफेदी-१ स्थित शिखरबास-नयाँगाउँ खानेपानी आयोजनालाई आगामी आर्थिक बर्षभित्र सम्पन्न गरी सेवा सञ्चालन गरिनेछ ।

संस्कृति प्रबर्द्धन

९०.गाउँपालिकामा रहेका बहुजाती, बहुभाषिक, बहुधार्मिक, बहुसँस्कृतिक मूल्य मान्यतालाई संरक्षण र प्रवर्द्धन गरिनेछ ।

९१.धार्मिक आस्था र मान्यता अनुरुपका मठमन्दिर, गुम्बा तथा चर्चहरुको निर्माण तथा संरक्षणमा यथोचित लगानी गरिनेछ ।

९२.परम्परागत सीप, सामाजिक मूल्य मान्यता, रितिरिवाज, परम्परा, चालचलन र प्रथा परम्परा, चाडपर्वहरुलाई समयसापेक्ष परिमार्जन गर्दै संरक्षण गरिनेछ ।

९३. साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका भीमसेनजात्रा, कृष्णजात्रा, त्रिखण्डीजात्रा, ल्होसार लगायतका धार्मिक र मौलिक साँस्कृतिक पर्व, मेलाहरुको संबर्द्धन र प्रबर्द्धनसँग सम्बन्धित कार्यक्रमहरुका लागि आवश्यक समन्वय र सहयोग गरिनेछ ।

९४.कला, साहित्य मार्फत राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुर्याउनुहुने महानुभावहरुलाई यथोचित सम्मान गरिनेछ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

९५.भीमफेदी गाउँपालिकालाई बालमैत्री स्थानीय सरकार घोषणाका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

९६.द्वन्द्व प्रभावित, लैङ्गिक हिंसा, सामाजिक विभेद तथा विभिन्न कारणले बञ्चितिकरणमा परेका व्यक्तिहरुका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ ।

९७.भीमफेदी गाउँपालिकालाई सहयोगापेक्षी सडक मानवमुक्त, पूर्ण खोपयुक्त, वातावरणमैत्री गाउँपालिका बनाउन आवश्यक कार्यक्रम ल्याइने छ ।ज्येष्ठ नागरिकको सुरक्षा र सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

९८.विभेद, बञ्चितिकरण तथा बहिष्करणमा परेका वर्ग तथा समुदायको शासन, विकास र सेवा प्रवाहमा सार्थक सहभागिताको सुनिश्चितता प्रदान गरी अपनत्व प्रदान गरिनेछ ।

९९. सामाजिक सुरक्षा प्राप्त गर्न छुट भएका तोकिएका वर्ग, समुदाय तथा उमेर समूहका लक्षित नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्राप्तीको सुनिश्चितता गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी बनाउन सरलीकृत गरिनेछ ।

१००. यस गाउँपालिकामा रहेका अति सिमान्तीकृत विपन्न चेपाङ समुदायको हित र उन्नतिका लागि विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । चेपाङ बीमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१०१. अव्यवस्थित बसोबासी, भूमिहीन दलित र सुकुम्बासीहरुलाई गाउँपालिकाद्वारा संकलित फारमहरुको बारेमा भूमि आयोगसँगको समन्वय र सहकार्यमा जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराइनेछ ।

१०२. महिला हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति लिइने छ ।

१०३. उपभोक्ता समितिमार्फत सम्पन्न हुने विकास कार्यक्रममा महिला सहभागिता बढाइनेछ ।

<u>स्थानीय न्यायिक कार्यसम्पादन</u>

१०४. गाउँपालिकामा न्यायिक समिति रहने संवैधानिक व्यवस्था बमोजिम न्यायिक इजलास मार्फत हुने न्यायिक सम्पादनको कार्य प्रभावकारी बनाइनेछ ।

१०५. न्यायिक समितिका लागि विषयगत दक्षता भएका जनशक्तिको व्यवस्था गरी न्ययिक कार्यसम्पादनलाई थप प्रभावकारी बनाइनेछ ।

सभाध्यक्षज्यू,

## (ग) पूर्वाधार विकास

१०६. गाउँपालिका स्तरीय यातायात गुरुयोजना यथाशीघ्र सम्पन्न गरी व्यवस्थित, सुरक्षित र वातावरणमैत्री सडक निर्माणलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।

१०७. सडक सञ्जाल नपुगेको बस्तीस्तरमा सडक सेवा विस्तार गरिने छ । हालसम्म निर्माण सम्पन्न भएका सडकहरुको क्रमशः स्तरोन्नती गर्दै दिगो र बाह्रै महिना सञ्चालन हुने किसिमको बनाइनेछ ।

१०८. गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालय सम्म जोड्ने सडकलाई क्रमशः कालोपत्र वा स्ल्याब ढलान गरिने छ । त्यसैगरी वडाका मुख्य सडकहरुको पनि स्ल्याब ढलान गरिदै लगिने छ । सडकलाई आर्थिक विकासको कार्यसँग सामञ्जस्य गरिने छ । सडकमा परेका जग्गाहरुको लगत कट्टा गरी सडक नक्साङ्कन कार्यको सुरुवात गरिनेछ ।

१०९. भीमफेदी बजार क्षेत्रका मुख्य तथा भित्री सडकहरुलाई ढलको व्यवस्थापन सहित कालोपत्र वा स्ल्याब ढलान गरी सौन्दर्यीकरण गरिने छ ।

११०. बागमती प्रदेश सरकारद्वारा स्तरोन्नती भइरहेको भैसें भीमफेदी सडक निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्न आवश्यक पहल तथा सहजीकरण गरिनेछ ।

१११. वडा समितिले बार्षिक योजना छनोट गर्ने क्रममा कम्तिमा एउटा न्युनतम २० लाखको वडा गौरवको योजना छनौट गरी कार्यान्वयन गरिने छ।

११२. आफ्नै स्वामीत्वको भवन नभएका वडा कार्यालयहरुका लागि क्रमशः जग्गा प्राप्त गरी भवन निर्माण गरिनेछ ।

११३. ग्रामीण विद्युतीकरण कार्यको स्तरोन्नती गरी भोल्टेज सुधार सहित सुरक्षित विद्युतीकरणको कार्य गरिनेछ ।

११४. सम्पूर्ण गाउँपालिकाबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यलाई विशेष प्राथमिकता दिइनेछ । सो को लागि आवश्यकता र संभावनाका आधारमा ठूलो, मझौला र साना खानेपानी आयोजना सञ्चालन गरिनेछ ।

११५. गाउँपालिका भित्रका आवश्यक स्थानहरुमा काठका पुल विस्थापन गर्दै झोलुङ्गे पुल निर्माण गरिनेछ । साथै ठूला बस्ती तथा स्थानहरुमा पक्कीपुल तथा फलामेपुल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।निर्माणाधीन भैसें-भीमफेदी सडक खण्ड अन्तर्गत रहेका फलामे पुल (बेलिब्रिज) लाई गाउँपालिका भित्रै उपयोग गर्न पहल गरिनेछ ।

११६. दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी भीमफेदी ३ इक्चुङ, भीमफेदी ९ बर्देउ, सिन्कीखाडल, भीमफेदी-१ सालघारी तथा भीमफेदी-७ कोगटे लगायत संचारको पँहुच नभएका तथा नेटवर्क कमजोर भएका क्षेत्रमा टेलिफोन नेटवर्क र इन्टरनेट सेवा विस्तार गरिनेछ ।

११७. सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत गाउँपालिका भित्र रहेका सम्पूर्ण खरको छाना भएका घरहरुलाई विस्थापन गर्ने कार्यलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

११८. सडक तथा घरहरुको मापदण्ड तयार गरी सुरक्षित सडक तथा घर निर्माण गर्ने गरी सडक तथा घर नक्सापासको मापदण्ड/कार्यविधि तयार गरी आगामी आ.व.देखि कार्यान्वयन गरिने छ ।

११९. प्राकृतिक श्रोत तथा खानीको समन्यायिक उपयोगका लागि गाउँपालिकाको क्षेत्रभित्र रहेका खानी तथा खनिज पदार्थको संभावित क्षेत्रको पहिचान गरी लगत संकलन गरी लगानीमैत्री वातावरणका लागि सहजीकरण गरिनेछ ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

१२०. जैविक विविधतायुक्त यस गाउँपालिकाको वन क्षेत्रको संरक्षण, विकास तथा बहुउपयोग गर्ने नीति लिइनेछ ।

१२१. वन जंगलमा संभावित कृषि, फलफूल तथा पर्यापर्यटनको संभावनाको अध्ययन गरिने छ ।

१२२. बायो इन्जिनियरिङमा आधारित सडक तथा पूर्वाधार विकासमा जोड दिइ वातावरणीय क्षति न्युनीकरण गरिनेछ ।

१२३.	संभावित विपद जोखिमको पूर्वसतर्कता र पूर्वतयारी सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । मनसुनजन्य तथा जलउत्पन्न प्रकोपबाट हुने क्षतिलाई कम गर्न नदी नियन्त्रण तथा बस्ती बचाउ कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१२४.	गाउँपालिका क्षेत्रभित्र हुनसक्ने संभावित विपद् जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गरिनेछ ।विपदको समयमा तत्काल उद्दार, राहत वितरण, पुनःस्थापना तथा पुनर्निर्माण सम्बन्धी कार्यको लागि स्पष्ट कार्ययोजना बनाई लागू गरिनेछ ।

१२५.	गाउँपालिकाभित्रको फोहोरमैला व्यवस्थापन गर्न उपयुक्त नीति तथा कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१२६.	विपद व्यवस्थापन समितिलाई प्रभावकारी ढंगबाट कार्य अघि बढाउनको लागि यस सम्बन्धित पदाधिकारी, कर्मचारी, वडास्तरीय विपद व्यवस्थापन समिति लगायतको टिमलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१२७.	गाउँपालिकाको विपद व्यवस्थापन कोषमा आवश्यक रकम थप गरी परिचालन गरिनेछ ।

१२८.	गाउँपालिकाको पहिलो दायित्व गाउँपालिका बासीको जीवन रक्षा गर्नु हो । समय समयमा भयावह रुपमा देखा पर्ने माहामारी र अन्य विपदबाट जनतालाई सुरक्षित राख्न संघ संस्था तथा कार्यालयहरुसँगको समन्वयमा आवश्यक कार्य गरिनेछ ।

## (ङ) सुशासन तथा संस्थागत विकास

१२९.	गाउँपालिकामा रिक्त रहेका दरबन्दीको क्रमशः पदपूर्ति गरिदै लगिने छ ।गाउँपालिकामा कार्यरत कर्मचारीको कार्यक्षमता र कार्यकुशलतामा वृद्धि गर्न आवश्यक तालिम, गोष्ठी तथा अवलोकन भ्रमणको व्यवस्था कर्मचारी प्रशासनलाई सबलीकरण गरिनेछ ।सेवा निवृत राष्ट्रसेवक कर्मचारीहरुको ज्ञान, सीप र अनुभवलाई उपयोगमा लिइने छ ।

१३०.	गाउँपालिकाबाट उपलब्ध गराइने सेवा प्रवाहलाई थप सरल, सहज, गुणस्तरीय र विश्वसनीय बनाइनेछ ।

१३१.	गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्ने विभिन्न संभाव्य श्रोतहरुको खोजी र प्रयोग गरिनेछ । आन्तरिक आयको दर र दायरामा समसामयिक परिवर्तन गर्दै आय संकलन वृद्धि गरिनेछ ।

१३२.	नवीनतम् प्रविधिको प्रयोग गरी राजस्वको संकलनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयबाट सफ्टवेयर प्रणालीमार्फत राजस्व संकलन गर्ने व्यवस्था गरिनेछ ।

१३३.	भित्ते नागरिक बडापत्रलाई डिजिटल नागरिक बडापत्रले क्रमशः विस्थापित गर्दै सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाह सञ्चालनका लागि आवश्यक कार्य गरिनेछ ।

१३४. गाउँपालिकाभित्र हुने सानातिना देवानी प्रकृतिका विवाद समाधान गरी समुदायस्तरमा दिगो शान्ती स्थापना गर्न न्यायिक समितिका सदस्य तथा प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम र क्षमता विकास कार्यक्रम गरी न्याय सम्पादन कार्यलाई छिटो र विश्वसनीय बनाइनेछ ।

१३५. कर्मचारीको कार्यसम्पादनको आधारमा उत्कृष्ट कर्मचारीलाई सम्मान र पुरस्कार वितरण गरिनेछ । कर्मचारीहरुलाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन उपलब्ध गराई कार्यालयको कामप्रति थप जिम्मेवार बनाइनेछ ।

१३६. संघीय तथा प्रदेश सरकारको बजेट वक्तव्यमार्फत निजामती कर्मचारीको मासिक तलबभत्ता १५ प्रतिशतले वृद्धि गर्ने घोषणा बमोजिम यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुका लागि मिति २०७९ श्रावण महिनादेखि लागू हुनेगरी सुरु तलबमानमा १५ प्रतिशत थप गरिने छ ।

सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

उल्लेखित नीति तथा कार्यक्रमको आधारमा आगामी आ.व.२०७९/८० को लागि बनेको बार्षिक आयोजना /कार्यक्रम कार्यान्वयन पश्चात गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक, वातावरणीय लगायत समग्र पक्षमा सकारात्मक उपलब्धी हासिल भएको हुनेछ । प्राकृतिक श्रोत, कृषि, पर्यटन र पूर्वाधारको विकास र उत्थानशीलता मार्फत गाउँपालिका सबल र समृद्धीको बाटोतर्फ उन्मुख हुनेछ ।सामाजिक न्याय कायम भई समतामूलक समावेशी समाज निर्माणको आधार तयार भएको हुनेछ ।

अन्त्यमा,

मलाई आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने आम भीमफेदी गाउँपालिकाबासी, सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । कोभिड-१९ लगायत अन्य माहमारीबाट जोगिन सुरक्षात्मक उपायहरु अबलम्बन गर्न र संभावित मनसुनजन्य प्रकोपबाट हुनसक्ने जोखिमलाई मध्यनजर गरी पूर्व सतर्कता अपनाउन सम्पूर्ण भीमफेदी गाउँपालिका बासीमा अनुरोध गर्दै आ.व.२०७९/८० को नीति तथा कार्यक्रमको प्रस्तुती यही समाप्त गर्न चाहन्छु ।।धन्यवाद।।।

**संजिव श्रेष्ठ**
**उपाध्यक्ष**
**भीमफेदी गाउँपालिका**